(दफा ३३ को उप दफा (२) संग सम्बन्धित )

## श्री पारीजात सामुदायिक वन उपभोक्ता समुह बर्दघाट न.पा ४ नवलपरासी (व.सु.प)

### काठ/दाउरा वोलपत्र द्धारा लिलाम विक्रीको सुचना

प्रथम पटक सुचना प्रकाशन मिति : २०८१।०५।३०

दोस्रो पटक सुचना प्रकाशन मिति : २०८१।०७।२६

तेस्रो पटक सुचना प्रकाशन मिति : २०८२।०८।१४

हाल चौथौ पटक सुचना प्रकाशन मिति : २०८३।०१।३०

श्री पारीजात सामुदायिक वन उपभोक्ता वन उपभोक्ता समुहको वन बाट कालीगण्डकी कोरिडोर बाट उत्पादित काठ दाउरा यस समुहको घाटगढ्धि स्थल बर्दघाट न.पा -४ मा विभिन्न लटमा विभाजित निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ्। सोही अवस्थामा आफनै खर्चमा उठाई लैजाने गरी लिलाम विक्रि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। इच्छुक व्यक्ति ,संघ-सस्था ,फर्म वा कम्पनिले राष्ट्रिय दैनिक पत्रीका बुटवल टुडेमा चौथौ पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरि १५ औ दिनमा प्रत्येक लटको छुट्टाछुट्टै सिलवन्दी बोलपत्र कार्यलय समय भित्र दाखिला गर्न आव्हान गरिन्छ।

तपसिल

१ वन पैदावारको विवरण:लट नं ५ र १२

| वन पैदावारको विवरण | | | | | | | मुल्याङ्कन रु | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | लट .न | जात | किसिम | ग्रेड | थान | परिमाण घ.फि. | दर प्रति घ.न.फि.रु | न्युनतम मुल्य रु | संकलन खर्च रु | |
| १ | ५ | आप | गोलिया काठ | | ८ | ५०.५९ | २०० | १०११८.०० | ७१३३.१९ | |
| | | कर्मा | | C | ७ | ३४.०२ | १०० | ३४०२. ०० | ४७९६.८२ | |
| | | कुसुम | | | ८२ | ४००.३८ | १०० | ४००३८.०० | ५६४५३.५८ | धाङ.न.१२।१३।१४ |
| | | जामुन | | A | ३ | ४६.४४ | ४०० | १८५७६.०० | ६५४८.०४ | |
| | | जिङ्गड | | | १७ | १५०.२६ | १०० | १५०२६.०० | २११९२.३० | |
| | | वर्रो | | | २० | २२२.५८ | २०० | ४४५१६.०० | ३१३८२.३७ | |
| | | सिमल | | | १५ | २१६.१३ | १५० | ३२४१९.५० | ३०४७०.१० | |
| | | सिरिस | | B | ५ | ९०.४९ | २०० | १८०९८.०० | १२७५९.०९ | |
| जम्मा | | | | | १५७ | १२१०.८९ | | १८२१९३.५० | १७०७३५.४९ | |

| वन पैदावारको विवरण | | | | | | | मुल्याङकन (रु) | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स | लट .न | जात | किसिम | ग्रेड | थान | परिमाण घ.फि. | दर प्रति घ.न.फि.रु | न्युनतम मुल्य रु | संकलन खर्च रु | |
| २ | १२ | साल | गोलीया काठ | A | ८ | १०३.४३ | १२५० | १२९२८७.५० | १४५८३.६३ | |
| | | | | B | १९ | १५०.१२ | ९०० | १३५१०८.०० | २११६८.३३ | २७ र ३० |
| | | | | C | १०४ | ३८१.१५ | ६०० | २२८६९०.०० | ५३७४०.७४ | |
| | | | | D | ६ | ७.१ | ३०० | २१३०.०० | ९९९.६९ | |
| जम्मा | | | | | १३७ | ६४१.८ | | ४९५२१५.५० | ९०४९२.३९ | |

कमानसिंह थापा
अध्यक्ष

२.बोलपत्र खरिद तथा दाखिला गर्नुपर्ने अन्तिम मिति ,समय र स्थान :

क) बोलपत्र खरिद  गर्ने अन्तिम मिति २०८३।०२।१३ गते,समय दिउँसोको ५:०० बजे कार्यलय  समय भित्र ।

ख) बोलपत्र दाखिला गर्ने अन्तिम मिति २०८३।०२।१४ गते दिउसो २:०० बजे सम्म ।

ग) बोलपत्र खरिद तथा दाखिला गर्ने दिन बिदा परे सो को भोलीपल्ट खरिद र दाखिला गर्न सकिनेछ ।

३.बोलपत्र साथ धरौटी वापत कवोल अङ्कमा १०% ले हुन आउने रकम यस सामुदायिक वन उपभोक्ता समूहको प्रभु बैंक बर्दघाट शाखा स्थित खाता नं ०४७०१०७५८०४०००१८ मा नगद जम्मा गरेको सक्कलै भौचर  वा यस समूहको नाममा खिचिएको बैंक ड्राफट वा ६ महिना अवधिको बैंक जमानत पत्र समावेश हुनुपर्ने छ । नगद धरौटी र ड्राफ्टलाई मान्यता दिईने छैन ।

४.बोलपत्रको प्रत्येक लटका लागी रु.१०००।-(पछि फिर्ता नहुने गरि )तिरी यस सामुदायिक वन उपभोक्ता समूहको कार्यलय तथा डिभिजन वन कार्यलय ,नवलपरासी (ब.सु.प) वाट समेत खरिद तथा दाखिला गर्न सकिनेछ ।

५.बोलपत्र खरिद गर्दा लट अनुसार वेग्ला वेग्लै खरिद गरि दाखिला गर्दा पनि बेग्ला बेग्लै दाखिला गरी खाम बाहिर प्रष्ट लट नं उल्लेख गरेको हुनुपर्नेछ ।

६ लिलाम प्रकृयामा भाग लिन ईच्छुक स:मिल । भेनियर । प्लाईउड उधोगका प्रोपाइटरहरुले नेपाली नागरिकताको प्रमाणपत्र ,फर्म दर्ता प्रमाण पत्र ,मु.अ.कर दर्ता वा स्थायी लेखा नम्बर प्रमाणपत्र ,उधोग सुचिकृत प्रमाणपत्र ,कर चुक्ता प्रमाणपत्रहरुको प्रतिलिपी अनिवार्य बोलपत्र साथ पेश गर्नु पर्नेछ । नागरिकता बाहेकका कागजातहरु नियामानुसार नविकरण भएको हुनुपर्ने छ ।

७.लिलाम बढाबढ हुने वन पैदावर कार्यालय समय खुलेको समय भित्र यस सामुदायिक वन उपभोक्ता समूहको घाँटगद्दी स्थानमा गई हेर्न सकिनेछ ।

८.निर्धारित न्युनतम संख्याका र रीतपुर्वक पर्न आएका वोल पत्रहरु मिती २०८३।०२।१८ गते दिउसो २:०० बजे साक्षिहरुको रोहबरमा पारिजात सामुदायी वन उपभोक्ता समुह बर्दघाट ४ को कार्यलय मा खोलिने छ । सो दिन विदा पर्न गएमा भोली पल्ट खोलिने छ ।

९. लिलाम स्विकृत भएको जानकारी प्राप्त भएको १० (दश ) दिन भित्र सकार गरेको रकम तथा निर्धारित मुल्य अभिवृद्धि कर संकलन खर्च छुटै बुझाई लिलाममा चडाईएको वन पैदावार तोकिएको अवधि भित्र उठाई लैजानु पर्ने छ ।

१०. वोलपत्रमा सकार गरिएको रकम अंक र अक्षरमा दुवैमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक परे अक्षर लाई मान्यता दिईने छ ।

११ वोलपत्र सदर वा वदर गर्ने सम्पुर्ण अधिकार यस सामुदायीक वन उपभोक्ता समुहमा निहित रहने छ ।

कमानसिंह थापा

कमानसिंह थापा
अध्यक्ष

अध्यक्ष

पारिजात सामुदायीक वन उपभोक्ता समुह

## राष्ट्रपति रनिङ शिल्ड
# अव्यवस्थित तालिका र कमजोर पूर्वाधारप्रति असन्तुष्टि

**मिना ढकाल**
बुटवल, २९ बैशाख।

रूपन्देहीमा जारी जिल्लास्तरीय १६ औँ राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता खेलभन्दा बढी अव्यवस्था र कमजोर व्यवस्थापनका कारण चर्चामा छ। प्रतियोगितामा सहभागी खेलाडी, प्रशिक्षक तथा खेलसम्बद्ध व्यक्तिहरूले अव्यवहारिक खेल तालिका, मापदण्ड नपुगेका खेलस्थल र कमजोर व्यवस्थापनप्रति तीव्र असन्तुष्टि जनाएका छन्। उनीहरूका अनुसार यिनै कारणले प्रतियोगिताप्रति आकर्षण घट्दै गएको छ भने जिल्लाका १६ स्थानीय तहमध्ये ६ वटा पालिका सहभागी नै भएनन्।

बुटवल उपमहानगरपालिकाको सहकार्यमा रूपन्देही जिल्ला खेलकुद विकास समितिले आयोजना गरेको प्रतियोगितामा यसपटक केवल १० पालिकाको सहभागिता रहेको छ। खेलकुद क्षेत्रका जानकारहरूका अनुसार स्थानीय तहहरूको न्यून सहभागिताले नै प्रतियोगिताको कमजोर तयारी र व्यवस्थापनलाई उजागर गरेको छ। एक प्रशिक्षकले नाम उल्लेख नगर्ने शर्तमा भने, “जिल्लाका १६ पालिकामध्ये केवल १० पालिका सहभागी हुनु आफैँमा गम्भीर विषय हो। यसले आयोजक पक्षको समन्वय र व्यवस्थापन कमजोर रहेको स्पष्ट देखाउँछ।”



प्रतियोगिताको उद्घाटन कार्यक्रम देविनगरस्थित एन्फा एकेडेमीमा गरिए पनि खेलहरू दीप बोर्डिङ स्कुल, नवीन औद्योगिक कदर-रिता माध्यमिक विद्यालय, जिल्ला खेलकुद विकास समिति परिसर तथा न्यू होराइजन स्कुललगायत सात फरक स्थानमा सञ्चालन भइरहेका छन्। खेलाडी तथा प्रशिक्षकहरूले विद्यालयका साधारण मैदानमा राष्ट्रपति कप स्तरको प्रतियोगिता सञ्चालन गर्नु उपयुक्त नभएको बताएका छन्।

उनीहरूको गुनासो खेलस्थलको मापदण्डमा मात्रै सीमित छैन। कतिपय खेलहरू विद्यालयकै ब्यानरमा सञ्चालन गरिएकाले राष्ट्रपति रनिङसिल्ड प्रतियोगिताको गरिमा नै कमजोर भएको उनीहरूको भनाइ छ। एक प्रशिक्षकले प्रश्न गरे, “राष्ट्रपति रनिङसिल्ड जस्तो प्रतिष्ठित प्रतियोगितामा विद्यालयको ब्यानर राखेर खेल सञ्चालन गर्नु कति उचित हो ?” खेलस्थलको कमजोर अवस्थाले खेलाडीहरूको प्रदर्शनमा समेत असर परेको गुनासो गरिएको छ। केही प्रशिक्षकहरूका अनुसार मापदण्ड नपुगेका खेलस्थलका कारण जित्ने अवस्थामा रहेका खेलाडी पराजित भएका छन् भने केही खेलाडी घाइते र बिरामी समेत परेका छन्।




यता आयोजक पक्ष भने सीमित स्रोत-साधनका बाबजुद प्रतियोगिता सञ्चालन गरिएको दाबी गर्छ। जिल्ला खेलकुद विकास समितिका प्रशिक्षक उमेश थापाले बजेट, पूर्वाधार र खेल सामग्रीको अभावका बीच सकेसम्म मापदण्ड मिलाएर प्रतियोगिता सञ्चालन गरिएको बताए। उनले भने, “हामीले उपलब्ध स्रोतबाट अधिकतम व्यवस्थापन गर्ने प्रयास गरेका छौँ। बजेट अभावका कारण सामान्य ब्यानर बनाउन समेत कठिनाइ भएको अवस्था छ।”

प्रतियोगितामा नियम कार्यान्वयनमा समेत प्रश्न उठेको छ। केही खेलाडीहरूले आफूहरू खेलमा सहभागी हुनबाट वञ्चित भएको गुनासो गरेका छन् भने कतिपय खेलाडीले एउटै प्रतियोगितामा एकभन्दा बढी खेलमा भाग लिएको आरोप समेत लागेको छ। नियमअनुसार एउटा खेलाडीले एउटा विधामा मात्र प्रतिस्पर्धा गर्न पाउने व्यवस्था रहेको बताइन्छ।

भलिबल प्रतियोगितामा केवल चार पालिकाको सहभागिता हुनु पनि चिन्ताजनक मानिएको छ। प्रशिक्षकहरूका अनुसार खेल तालिका सबै पालिकालाई सहज हुने गरी तयार नगरिएकाले धेरै टोली सहभागी हुन सकेनन्। सात फरक स्थानमा खेल सञ्चालन गर्दा टोली व्यवस्थापन, यातायात र समन्वयमा समेत समस्या भएको बताइएको छ।

जिल्ला खेलकुद विकास समितिका कार्यालय सचिव चन्द्रकान्त आचार्यले भने सबै सरोकारवालासँग छलफल गरेर प्रतियोगिता आयोजना गरिएको दाबी गरेका छन्। उनका अनुसार स्थानीय तह निर्वाचनलगायत कारणले तयारीमा केही ढिलाइ भए पनि व्यवहारिक रूपमा व्यवस्थापन मिलाउने प्रयास गरिएको हो।

खेलकुदकर्मीहरू भने राष्ट्रपति रनिङ शिल्ड जस्ता प्रतियोगितालाई प्रभावकारी बनाउन दीर्घकालीन पूर्वाधार विकास, पर्याप्त बजेट र व्यवस्थित खेल तालिकाको आवश्यकता रहेको बताउँछन्। अन्यथा विद्यालयस्तरबाट खेलाडी उत्पादन गर्ने उद्देश्य बोकेको यस्तो प्रतियोगिताप्रति खेलाडी र स्थानीय तहहरूको आकर्षण अझै घट्दै जाने उनीहरूको चेतावनी छ।

# टोल विकास संस्थाका पदाधिकारीसँग अन्तर्क्रिया



अर्घाखाँची (बुटवल टुडे), २९ बैशाख। अर्घाखाँचीको सन्धिखर्क नगरपालिका वडा नम्बर २ मा टोल विकास संस्थाका पदाधिकारीहरूसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

स्थानीय तह र समुदायबीचको समन्वयलाई थप प्रभावकारी बनाउने उद्देश्यले आयोजित कार्यक्रममा वडा भित्र रहेका विभिन्न टोल विकास संस्थाका पदाधिकारीहरूको उल्लेखनीय सहभागिता रहेको थियो।

सहभागी पदाधिकारीहरूलाई नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत प्रमोद खनाल तथा योजना शाखा प्रमुख दिलिप केसीले प्रशिक्षण प्रदान गरेका थिए।

टोल विकास संस्थाको भूमिका, स्थानीय विकासमा नागरिक सहभागिता, पारदर्शिता, योजना तर्जुमा तथा समुदायस्तरमा देखिएका समस्या समाधानका विषयमा छलफल तथा सहजीकरण गरिएको वडा सचिव विष्णुप्रसाद आचार्यले बताए।

प्रमुख प्रशासकीय अधिकृत खनालले स्थानीय सरकारलाई प्रभावकारी बनाउन टोल विकास संस्थाहरूको भूमिका अत्यन्त महत्त्वपूर्ण रहेको बताउँदै समुदायको आवश्यकता पहिचान गरेर योजनाबद्ध रूपमा अघि बढ्नुपर्नेमा जोड दिए। उनले विकास निर्माणका काममा स्थानीय नागरिकको सक्रिय सहभागिताले मात्रै दिगो उपलब्धि हासिल गर्न सकिने बताए।

वडा अध्यक्ष मोतीजंग रायमाझीले वडा विकासमा टोल विकास संस्थाहरूको योगदान महत्त्वपूर्ण रहेको उल्लेख गर्दै आगामी दिनमा यस्ता कार्यक्रमलाई निरन्तरता दिइने बताए।

त्यस्तै योजना शाखा प्रमुख केसीले वडा र समुदायबीचको पुलका रूपमा टोल विकास संस्था सक्रिय हुनुपर्ने बताए। कार्यक्रममा सहभागी पदाधिकारीहरूले पनि आफ्ना अनुभव, समस्या तथा सुझावहरू प्रस्तुत गरेका थिए । उनीहरूले टोलस्तरमा रहेका विभिन्न चुनौती समाधानका लागि नगरपालिका र वडा कार्यालयबाट निरन्तर सहकार्य आवश्यक रहेको बताएका थिए।

# लघुअनुसन्धान परियोजना प्रशिक्षण




बुटवल (बुटवल टुडे), २९ वैशाख- रूपन्देहीको मणिग्रामस्थित राममणि बहुमुखी क्याम्पसका प्राध्यापकहरूका लागि सञ्चालित लघु अनुसन्धान परियोजना अन्तर्गत अनुसन्धान प्रस्तुतिकरण गर्ने कार्यक्रम सम्पन्न भएको छ।

क्याम्पसमा आयोजित एक कार्यक्रमबीच ४ जना प्राध्यापकहरूले आफ्ना अनुसन्धान कार्यको प्रस्तुतिकरण गरेका थिए। कार्यक्रममा क्याम्पसका उपप्राध्यापकहरू: तारा प्रसाद पराजुली, माया घिमिरे, कृष्णकुमार रेग्मी र मुक्तिनाथ गैह्रेले आफूले सम्पादन गरेको अनुसन्धान कार्यको प्रस्तुतिकरण दिएका थिए। क्याम्पसको अनुसन्धान व्यवस्थापन समितिका संयोजक डा. अशोक भण्डारी , कार्यक्रम संयोजक डा. भण्डारी सहित उपस्थित अन्य प्राध्यापकहरूले जिज्ञासा तथा सुझाव राखेका थिए। सो अवसरमा बोल्दै क्याम्पस प्रमुख तारा प्रसाद पराजुलीले कक्षाकोठा, क्याम्पसका अन्य प्राज्ञिक कार्य, सामाजिक विकास र प्राध्यापकहरूको अनुसन्धान कार्यक्षमता अभिवृद्धिका लागि क्याम्पसले विभिन्न अनुसन्धानका कार्यहरू सञ्चालन गर्दै आएको बताए। सो अवसरमा अनुसन्धान व्यवस्थापन समितिका संयोजक डा. अशोक भण्डारीले क्याम्पसको गुणस्तर त्यहाँका प्राध्यापकहरूको अनुसन्धनात्मक प्रगतिमा समेत आधारित हुने हुँदा सबै प्राध्यापकहरूलाई समाहित गर्न तालिमहरू समेत सञ्चालन गर्दै आएको बताए।

# कोका-कोलाको ‘लोकल्ली योर्स’ अभियान




काठमाडौं (बुटवल टुडे), २८ वैशाख। कोका-कोलाले नेपालका स्थानीय समुदाय र पुस्तौंदेखि समुदायको केन्द्रमा रहँदै आएका व्यवसायहरूको सम्मान गर्न ‘लोकल्ली योर्स’ अभियान सुरु गरेको छ। अधिकांश टोल-छिमेकका मानिसहरू ब्युँझनुअघि नै कसैले आफ्नो पसल खोलिसकेको हुन्छ, त्यस्ता व्यवसायीहरू ग्राहकलाई नामले चिन्छन्, उनीहरूको रोजाइ सम्झन्छन्, हरेक दिन पसल सञ्चालन गर्छन् र विस्तारै मानिसहरूको दैनिक जीवनको अभिन्न हिस्सा बन्छन्। यस अभियानअन्तर्गत तयार गरिएका भिडियोमार्फत त्यस्ता उद्यमी र स्थानीय साना व्यवसायीहरूलाई विशेष रूपमा प्रस्तुत गरिएको छ, जसले आफ्नो समुदायमा निरन्तर महत्वपूर्ण भूमिका निभाउँदै आएका छन्। दैनिक रूपमा देखिने यी परिचित अनुहारहरूको कथा काउन्टरसम्म मात्र सीमित छैन, अभियानले उनीहरूको व्यक्तिगत यात्रा, अनुभव र संघर्षलाई पनि उजागर गरेको छ।

यो अभियानले नेपालमा कोका-कोला र स्थानीय उद्यमीबीच दशकौंदेखि कायम रहेको सम्बन्धलाई पनि झल्काउँछ। यी उद्यमीहरूले स्थानीय व्यवसायलाई अघि बढाउन, रोजगारी र जीविकोपार्जनलाई सहयोग गर्न तथा कोका-कोलालाई देशभरका साझा खुसीका क्षणहरूको हिस्सा बनाउन महत्वपूर्ण योगदान दिएका छन्।

# अर्घाखाँचीमा राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता सुरु



अर्घाखाँची (बुटवल टुडे), २९ बैशाख - अर्घाखाँचीमा १५ औं जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता शुरु भएको छ । प्रतियोगितामा जिल्लाका ६ वटा पालिकाहरू बिच एथलेटिक्स, भलिबल, कबड्डी, लगायत विभिन्न खेल विधामा प्रतिस्पर्धा हुनेछ।

जिल्ला खेलकुद विकास समिति अर्घाखाँचीको आयोजनामा शुरु भएको खेलकुद प्रतियोगिताको जिल्ला समन्वय समिति अर्घाखाँचीका प्रमुख जीवनारायण कोइरालाले उद्घाटन गरेका हुन्।

उद्घाटन समारोहलाई सम्बोधन गर्दै समन्वय समितिका प्रमुख कोइरालाले खेलकुदले विद्यार्थीहरूमा अनुशासन, आत्मविश्वास, नेतृत्व क्षमता र स्वस्थ प्रतिस्पर्धाको भावना विकास गर्ने बताए। विद्यालयस्तरबाटै प्रतिभावान खेलाडीको पहिचान गरी उनीहरूलाई प्रदेश तथा राष्ट्रिय स्तरसम्म पुऱ्याउन राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता अत्यन्त महत्त्वपूर्ण माध्यम बन्ने उनको भनाइ छ।

सन्धिखर्क नगरपालिकाका नगर प्रमुख कृष्णप्रसाद श्रेष्ठले खेलकुदलाई शिक्षाको अभिन्न अंगका रूपमा विकास गर्नुपर्ने आवश्यकता औँल्याउँदै स्थानीय सरकारले खेलकुद पूर्वाधार निर्माण, प्रशिक्षण तथा प्रतियोगितालाई निरन्तर प्राथमिकता दिँदै आएको बताए।

सहायक प्रमुख जिल्ला अधिकारी झविलाल भट्टराईले खेलकुदले युवामा अनुशासन, जिम्मेवारी र राष्ट्रप्रतिको समर्पण भाव विकास गर्ने बताए। कार्यक्रममा भुमिकास्थान नगरपालिकाका नगर प्रमुख झविलाल थापा, छत्रदेव गाउँपालिकाका अध्यक्ष चन्द्रमान श्रेष्ठ, मालारानी गाउँपालिकाका अध्यक्ष दलबहादुर भट्टराई, जिल्ला खेलकुद विकास समितिका पूर्व अध्यक्ष विष्णु क्षेत्री लगायतले मन्तव्य राखेका थिए। उद्घाटन समारोहमा जिल्लाका विभिन्न स्थानीय तहका जनप्रतिनिधि, विद्यालयका प्रधानाध्यापक, शिक्षक, प्रशिक्षक, अभिभावक, खेलप्रेमी तथा सञ्चारकर्मीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो।

## प्रोभिजनल सर्टिफिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको प्रोभिजनल सर्टिफिकेट बुटवल देवीनगर देखि गोलपार्क तर्फ जाने क्रममा मिती २०८२।११।२० गते हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा मेरो सम्पर्क नम्बरमा सम्पर्क गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम**: शिल्पा चौधरी
**रजिष्ट्रेशन नं**.: २०१९-२-०३-२४८३
**ठेगाना**: विजयनगर गा.पा.-३,कपिलवस्तु
**सम्पर्क नं**: ९८२७५९६०४०

## माइग्रेसन सटिर्फिकेट हराएको सूचना

मेरो निम्न विवरण भएको माइग्रेसन सर्टिफिकेट बुटवल योगीकुटी देखि गोलपार्क तर्फ जाने क्रममा मिती २०८२।११।११ गते हराएको हुँदा फेला पार्नु हुने महानुभावहरूले नजिकको प्रहरी कार्यालय वा मेरो सम्पर्क नम्बरमा सम्पर्क गरिदिनु हुनु अनुरोध गर्दछु।

**नाम**: शिशिर पाण्डे
**रजिष्ट्रेशन नं**.: ७५४९०६२५१
**सिम्बोल नम्बर** : ९४९००५१६
**ठेगाना**: तानसेन न.पा.- १४, पाल्पा
**मोवाईल नं**.: ९८६४४५८०६६

## सुचना ! सुचना ! सुचना !

### पारिजात सामुदायिक वन उपभोक्ता समुह

बर्दघाट -४ न.प (ब.सु.प) को चौथौ पटक प्रकाशित सुचना मिति २०८३।०१।३०

### काठ/दाउरा बोलपत्र द्वारा लिलाम विक्रीको १५ दिने सुचना

यस पारिजात सामुदायीक वन उपभोक्ता समुह बर्दघाट ४ न.प (ब.सु.प) को वन क्षेत्र मा कालीगण्डकी कोरिडोर कटान बाट उत्पादन भई समुहको घाटगद्दिमा लट बनाई ब्यवस्थापन गरि राखिएको लट न ५ को जामुन गोलिया थान ३ को ४६.४४ क्युफिट, आँप गोलिया थान ८ को ५०.५९ क्युफिट, कर्मा गोलिया थान ७ को ३४.०२, सिमल गोलिया थान १५ को २१६.१०, जिङ्ङ गोलिया थान १७ को १५०.३०, सिरिस गोलिया थान ५ को ९०.४९, बर्रो गोलिया थान २० को २२२.५७ क्युफिट , कुसुम गोलिया थान ८२ को ४००.३८ क्युफिट गरि जम्मा गोलिया थान १५७ को जम्मा १२१०.८९ क्युफिट काठ र लट न १२ साल जात को जम्मा गोलिया थान १३७ को जम्मा ६४१.७९ क्युफिट काठ लिलाम विक्री गर्नु पर्ने भएकाले काठ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नो खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम विक्री गर्नु पर्ने भएकाले यो सुचना चौथौ पटक प्रकाशन गरिएको छ । काठ दाउरामा आधारीत उद्योग संञ्चालन गर्ने भनी प्रचलित कानुन वमोजिम दर्ता तथा (सुचिकृत) नविकरण भई वन नियम( वाली २०७९ को नियम १२८ वमोजिम सुचिकृत उद्योग ले यो सुचना चौथौ पटक सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र मिति २०८३।०२।१३ गते कार्यलय समय भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र खरिद गनुपर्ने छ तथा दाखिला गर्ने अन्तिम मिति २०८३।०२।१४ गते दिउसोको २:०० बजे भित्र कार्यलयमा आई दाखिला गरिसक्नु पर्ने छ । यो सुचना संग सम्बन्धित विस्तुत जानाकारी को लागी यस समुदायिक वन उपभोक्ता समुहको कार्यलयमा सर्म्पक राख्न सकिने छ । पुर्ण ब्यहोरा को सुचना यस सामुदायीक वन उपभोक्ता समुहको कार्यलयको सुचना पाटिमा टाँस गरिएको ब्यहोरा अनुरोध छ ।

कमानसिंह थापा
अध्यक्ष

## गोलिया काठ लिलाम बिक्री सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०८३/०१/३०**

श्री विसासय सामुदायीक वन उपभोक्ता समूहको स्वीकृत कार्ययोजना अनुसार आ. व. २०८२/०८३ मा सामुदायीक वन क्षेत्र भित्र फायर लाइन मा परेका रूख कटान मुछान भई उत्पादन भएका साल समेत असना जातका गोलिया थान ५९ को ६५५.३१ क्यु फिट काठ समूह बाहिर बिक्री गर्न डिभिजन वन कार्यालयको लिलाम बिक्री सहमति प्राप्त भए बमोजिम उक्त गोलिया काठ घाटगद्दी मा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजाने गरी यो प्रथम पटक प्रकाशित गरेको मितिले २१ दिन सम्म बोलपत्र खरिद गरी २२औं दिनको २ बजे सम्म गोप्य सिलबन्दी बोलपत्र दाखिला गर्न यो सुचना प्रकाशित गरिएको छाविस्तृत जानकारीको लागि यस समूहको कार्यालय तथा जिल्ला स्थित अन्य कार्यालयमा टास गरिएको सूचना हेर्नु हुन अनुरोध छ।

**बिसासय सामुदायिक वन उपभोक्ता समूह**
**सुनवल न पा -६ नवलपरासी (ब. सु. प.)**

## काठ बोलपत्रद्वारा लिलाम बिक्रीको सुचना

**(प्रथम पटक सुचना प्रकाशन मितिः २०८३/०१/३०)**

यस चुम्पले उनायचौर सामुदायिक वन उपभोक्ता समुह रेसुङ्गा न.पा. ५. गुल्मीको वन क्षेत्रबाट नेपाल विधुत प्राधिकरण बुर्तिवाङ-पौदी अमराई-तम्घास-सन्धिखर्क-गोरुसिङ्गे १३२ केभी विद्युत प्रसारण लाईन आयोजना निर्माणको लागि नियमानुसार कटान भई यस समुहलाई हस्तान्तरण भई घाटगद्दी गरी राखिएको खोटेसल्ला जातको गोलिया थान २१९ को परिमाण १३९७.६३ क्यू. फि जेजस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिकि गर्नुपर्ने भएकोले यो सुचना प्रकाशित गरिएको छ। रित पुगेका वन पैदावार (काठ/दाउरा) मा आधारित उद्योगहरुले यो सुचना प्रथम पटक प्रकाशित भएको मितिले २१ दिन भित्र सिलबन्दी बोलपत्र खरिद गरी २२ औं दिन कार्यालय समय भित्रमा बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण व्यहोराको सुचना यस सामुदायिक बन उपभोक्ता समुहको कार्यालयको सुचना पाटीमा, डिभिजन बन कार्यालय गुल्मी र गुल्मी जिल्ला स्थित अन्य कार्यालयहरुमा समेत टाँस गरिने छ।

**श्री चुम्पले उनायचौर सामुदायिक वन उपभोक्ता समूह**
**रेसुङ्गा नगरपालिका ५, गुल्मी**
**सम्पर्क नं. ९८६७५५११७५**

## सिलबन्दी दरभाउपत्र पेश गर्ने सम्बन्धि सूचना

**दोस्रो पटक प्रकाशित मितिः २०८३।०१।३०**

यस श्रद्धा सप्लार्यस, प्रतापपुर गा. पा. ०८ र राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम, कार्यक्रम कार्यान्वयन एकाइ रूपन्देहीको लागत साझेदारीमा Ripening Chamber स्थापना गर्नुपर्ने भएकोले नेपाल सरकारबाट इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र यस श्रद्धा सप्लार्यस, प्रतापपुर गाँ. पा. ०८, नवलपरासीमा नियमपूर्वकको कागजात सहित दरभाउपत्र फारम खरिद गरि यस संस्थामा दरभाउपत्र पेश गर्न आव्हान गरीएको छ। विस्तृत जानकारीको लागि सम्बन्धित संस्थामा सम्पर्क राख्न समेत जानकारी गरिन्छ।

**विवरण**

| ठेक्का नं | विवरण | ल.ई.रकम रु | धरौटी रकम रु | दरभाउपत्र दस्तुर | बोलपत्र पेश गर्ने अन्तिम मिति | कैफियत |
|---|---|---|---|---|---|---|
| NCB/Works/ Shraddha Suppliers/ 082-83/01 | Establishment of 2 Roomed Ripening Chamber for Banana including supply of plastic crate. | 17,73,209.00 | 45,000.00 | 3000.00 | 2083/02/06 12:00 Hrs | The technical details of the items has been mentioned in the bidding document. |

तपसिलः

**श्रद्धा सप्लार्यस**
**प्रतापपुर गाँ. पा.- ०८, नवलपरासी**
**सम्पर्क नं. ९८५७०३४८८८**

## श्री कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको सुचना

मुद्दा नंः ०८१-C४-०३७५ मुद्दाः चेक अनादर फाँटः सामान्य ४ (क)

श्री जिल्ला मकवानपुर हेटौडा घर भई हाल काठमाण्डौ जिल्ला, काठमाण्डौ महानगरपालिका वडा नं. ११ माईतीघर बस्ने बलभद्र मिश्राको नाती सागर प्रसाद मिश्राको छोरा अ. वर्ष ६५ को महेन्द्र प्रसाद मिश्राका नाउँमा जारी भएको २१ (एक्काईस) दिने म्याद सुचना...।

वादी जिल्ला कपिलवस्तु, कपिलवस्तु शिवराज न.पा. वडा नं. ४ मौजा बरगदवा बस्ने ऐ. ऐ वडा नं. ५ स्थित परसियामा आलम काष्ट उद्योगको संचालक प्रो. हसन रजा खाँ को छोरा वर्ष ५५ को प्रवेज आलम खाँ र प्रतिवादी तपाई भएको चेक अनादर मुद्दामा यस अदालतबाट तपाईका नाममा जारी भएको म्याद वेपत्ते तामेल भई बदर भएकोले यस अदालतको मिति २०८३/०१/१५ को आदेशानुसार तपाईको नाउमा यो म्याद सुचना प्रत्रिकामा प्रकाशित गरिएको छ। यो म्याद सुवना पत्रिकामा प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक २१(एक्काइस) दिन भित्र भए सबुत प्रमाण लिई अदालत खुलेको समयमा आफै तथा कानून बमोजिमको प्रतिनिधी मार्फत प्रतिउत्तरपत्र लिई यस अदालतमा हाजिर हुन आउनुहोला। म्याद गुजारी बसेमा मुद्दा कानून बमोजिम हुनेछ।

**ईति संवत् २०८३ साल बैशाख गते रोज २३ मा रोज ४ शुभम्...।**